परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक १७ २०७८ मंसिर १२ गते आईतवार Sunday 28, NOV 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## ४२ फरार प्रतिवादी पक्राउ

सुनसरी, मंसिर ७ गते । जिल्ला प्रहरी कार्यालय सुनसरीले एकैदिनमा ४२ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरी फैसला कार्यान्वयनको लागी सम्मानित जिल्ला अदालतमा पेश गरेको छ ।

सम्मानित जिल्ला अदालत सुनसरीबाट बिभिन्न मितिमा, बिभिन्न मुद्धामा कैद तथा जरिवाना फैसला भएता पनि फरार रहँदै आएका फरार प्रतिवादीहरुलाई पक्राउ गर्न फरार प्रतिवादी पक्राउ अभियान नै संचालन गरी प्रहरी परिचालन गर्दा गत ४ महिनामा ५ सय ६५ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरेको हो । फरार प्रतिवादी पक्राउ गरी १ सय १९ वर्ष ८ महिना ८ दिन कैद र २६ लाख ७२ हजार ९ सय ६ रुपैया जरिवाना असुल भएको छ ।

फरार प्रतिवादी पक्राउकै शिलसिलामा डाका मुद्धामा ६ बर्ष कैद र ९९ हजार जरिवाना तोकिएका तत्कालिन चाँदवेला वडा नं. १ (हाल ईनरुवा नगरपालिका वडा नं. ७) वस्ने अजित मियाँलाई सोमवार पक्राउ गरेको थियो ।

पक्राउ परेका मियाँ लगायतका ३ जनाको समुहले २०६८ सालमा रामधुनी वडा नं. ५ निवासी जैयस कुमार साहको घरमा डाँका गरेका थिए । सम्मानित जिल्ला अदालत सुनसरीको २०७५ अषाढ ११ गतेको

वांकी अन्तिम पेजमा...

## जनमतले मनाए रंगभेद दिवस

विराटनगर । जनतम पार्टीका नेता तथा कार्यकर्ताहरुले विराटनगरमा रंगभेद विरुद्धको एकता दिवसको अवसरमा बृहत ऱ्याली तथा कोण सभा सम्पन्न गरेको छ ।

डा. सिके राउत नेतृत्वको जनमत पार्टीको नेता तथा कार्यकताहरुले विराटनगरको ठाकुरवाडी रोडको रामजानकी मन्दिर बाट बृहत ऱ्याली प्रर्दशन गर्दै हस्पिटल चौक, जिल्ला प्रशासन कार्यालय मोड, गोल्छा चौक हुँदै मुख्य बजारको सडकमा नारावाजी गर्दै वि प्लटको हनुमान मन्दिर अगाडी कोण सभा गरेका थिए ।

कोण सभालाई सम्वोधन गर्दै जनमत पार्टीको केन्द्रीय सदस्य परमेश्वर मुर्मुले भने "मधेसी, थारु, आदिवसी जनजातिसंग भईरहेको रंगभेद अन्त्य गर्नुपर्ने भन्दै रंगभेद अन्त्य नभएसम्म जनताले परिर्वतनको महसुस गर्न नसक्ने र मुलुक जहिले पनि द्वन्द्धमा फसि रहने वताए । साथै देशमा रंगभेद समाप्त नभए सम्म नेपालमा समुन्नत विकास हुन नसक्ने दावी समेत गरेका थिए ।

त्यसैगरी सप्तरी जिल्लाका पूर्व इन्चार्ज सुर्यदेव यादवले नेपालमा राना काल देखि नै राज्यपक्षवाट रंगभेदी व्यवहार हुँदै आएको र खास गरे मधेशका २७ जिल्लामा बसोवास गर्ने मधेशी समुदाय रंगभेदको शिकार भएको वताउँदै लोकतान्त्रिक गणतन्त्र शासन व्यवस्था आउँदा सम्म पनि रंगभेद कायमै रहेको भन्दै राजनीतिक दलका नेताहरुको आलोचना गरेका थिए ।

सो कार्यक्रममा केन्द्रीय सदस्य

वांकी अन्तिम पेजमा...

## हात्ती आक्रमणबाट एकको मृत्यु

विराटनगर । झापा भद्रपुर नगरपालिका वडा नं. ९ का ६० बर्षीय राम बहादुर बुर्जा मगरको जंगली हात्तीको आक्रमणमा परि मृत्यु भएको छ ।

मेचिनगर नगरपालिका १४ शनिबारे स्थित टंक पौडेलको चिया बगानमा चिया टिप्ने क्रममा मगरलाई जंगली हात्तीले शुक्रवार आक्रमण गर्दा उनको घटनास्थमानै मृत्यु भएको थियो ।

घटनाको जानकारी पाए लगतै ईलाका प्रहरी कार्यालय धुलाबारी र प्रहरी चौकी चारआलीबाट प्रहरी टोली खटि गई घटनाको बारेमा जानकारी लिई कानुन प्रकृया तथा थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

## "हामी सन्थाल हौ सन्थाल हाम्रो पहिचाह," तथ्यांक विभागले सतार लेखेकोमा विरोद्ध प्रदर्शन



विराटनगर । खास गरी झापा, मोरंग र सुनसरी जिल्लामा बसोवास गर्ने सन्थाल जातिलाई केन्द्रीय तथ्यांक विभागले राष्ट्रिय जनगणना २०७८ को तथ्यांकमा सतार /सन्थाल लेखेकोमा सन्थालमात्र लेख्नु पर्ने र सतारलाई तत्काल तथ्यांकवाट हटाउनुपर्ने माग गर्दै विराटनगरमा ऱ्याली सहितको विरोद्ध प्रदर्शन गरेका छन् ।

रिलोमाला सन्थाल आख्डा नेपाल नमक संस्थाको अगुवाईमा मोरंग र झापाका सैयौ सन्थालहरुले "सन्थाल जातिको अधिकार प्राप्तिको अभियान, सतार हैनौ हामी सन्थाल हाम्रो पहिचान" भन्दै शान्तिपूर्ण विरोध ऱ्याली तथा धर्ना दिएका हुन् ।

उक्त विरोध ऱ्याली प्रदेश नं. १ जनगणना कार्यालय र केन्द्रिय तथ्यांक विभाग, तथ्यांक कार्यालय मोरंगको कार्यालय पुगी तथ्यांक कार्यालय मोरंगको सुपरिवेक्षक तुलसा बराल पोखरेललाई सतारलाई हटाई सन्थालमा कायम गर्न सन्थाल समुदायका अगुवा समाज सेवी परमेश्वर मुर्मुलगायतले ज्ञापनपत्र बुझाएको थियो ।

शान्तिपूर्ण विरोध ऱ्यालीमा नेपाली शब्दकोष सुधार गर, नकचरो जात लेख्न पाउँदैन, लबस्तरो जात लेख्न पाउँदैनौ, तथ्याँक विभागमा सतार/सन्थाल भएको मान्दैनौं स्पष्ट स्न्थाल मात्र हुनुपर्छ, सोझा सिधा भनेर नढाट, सन्थाल पहिचान नमेट, आदीवासी सन्थाल जातिको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, स्वास्थ्य राज्य निकायमा पहँच पुऱ्याउ, भूमिहि, आवासहित, सुकुम्बासी, नागरिकता विहिन आदीवासी सन्थाल जातिको समस्या समाधान गर भन्ने नाराहरु लगाएका थिए ।

नेपाली शब्दकोष भन्डारमा सन्थाल र सतार एउटै हो जसको अर्थ लाजपचेको, नकचरो, लवस्तरो लेखिएको, समान्य ज्ञानको पुस्तकहरुमा ससुरा मर्दा बुहारी

वाँकी अन्तिम पेजमा...

## लाभान्वित सहकारी संस्थाको एघारौ साधारण सभा सम्पन्न

हिरालाल साह




बिराटनगर, मंसिर ११ गते । लाभान्वित वचत तथा ऋृण सहकारी संस्था लि.को ११ औं बार्षिक साधारणसभा आज शनिबार मिल्स माध्यमिक विद्यालय रानीको प्राङ्गणमा सम्पन्न भएको छ ।

सो साधारणसभाका प्रमुख आतिथि प्रदेश १ सहकारी संघ तथा जिल्ला सहकारी संघ मोरङका अध्यक्ष डिल्ली पोखरेलले दिप प्रज्वलन गरि कार्यक्रमको शुभारम्भ गरेका थिए । कोभिड महामारीको अवस्थामा पनि १८ प्रतिशतले नाफा गरेकोमा प्रशंसा गर्दै प्रदेश १ सहकारी संघबाट पनि सहयोग गर्ने प्रतिबद्धता पोखरेलले जाहेर गर्दै सहकारीले उत्कृष्ट वचतकर्ता र ऋणीहरुलाई पुरस्कार तथा सम्मान पत्र वितरण र बरिष्ठ गायक रामा मण्डल र खेलाडी पुनम थापालाई समेत सम्मान गरेकोमा संस्थाले समाजिक काम समेत गरेकोमा पाखरेलले संस्थाको प्रसंशा गरेका थिए ।

सहकारीको २०७७/०७८ को बार्षिक प्रतिवेदन संचालक समितिको अध्यक्ष निराजन कुमार शाहले प्रस्तुत गरेको थियो । बार्षिक प्रतिवेदन कुल शेयर पूँजी ८८ लाख ८६ हजार ३ सय, निक्षेप संकलन गरी ९ करोड ७१ लाख ७५ हजार ७ सय ८७, ऋृण लगानी, ९ करोड ४० लाख, ऋृण तथा असुली ८ करोड ४१ लाख, बाह्य ऋृण १९ लाख ४५ हजार, कुल आम्दानी २ करोड २७ लाख ९८ हजार ५ सय ४४ रुपियाँ गरेको जानकारी गराएका थिए ।

लाभान्वित वचत तथा ऋृण सहकारी संस्था २०६८ ज्येष्ठ ३ गते विधिवत रुपमा स्थापित भएकोमा हाल संस्थामा २ हजार शेयर सदस्य रहेको, ७ सदस्यीय

वाँकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## हामी...

समेत विधुवा हुने जात कुन हो ? सतार भनी गलत व्याख्या गरेको भन्दै समेत विरोध जनाएको थियो । काठमाण्डौ बसेर किताव लेख्ने लेखकहरुले एक पटक जातिय संघ संस्थाहरुसंग समन्वय गरेर लेख्नुका सट्टा मनपरी ढंगले अपहेलीत ढंगवाट सतार लेखि अपव्याख्या गर्ने लेखकहरुलाई समेत कारवाहीको दायरामा ल्याउन समेत संस्थाका उपाध्यक्षक सोनेलाल किस्कुले वताए ।

नेपाल सरकार तथ्याँक विभागले हाम्रो मागलाई सुनवाही नगरे यसभन्दा पनि कडा आन्दोलनमा उत्रने समाजसेवी सुन्दर वेसराले चेतावनी दिदै सन्थालहरु सोझा, सिधा, कर्तव्य परायण र इमान्दार हुन्छन् तर आफ्नो पहिचान र अस्तित्वलाई जोगाउन जस्तो सुकै कदम चाल्न बाध्य हुने वहांको भनाई थियो ।

रिलोमाला सन्थाली आखडा नेपाल सुनवर्षी नगरपालिका वडा नं. १ असनटोल, मोरंगका अध्यक्ष श्यामलाल वेस्राको अध्यक्षतामा शान्तिपूर्ण विरोध ऱ्याली तथा धर्ना सभा सम्पन्न भएको थियो ।

रिलोमाला सन्थाली आखडा नेपालका माग तथा अवाजहरु

१. हामी यो देशको मूलवासी हौ । हाम्रो पहिचान सन्थाल हो, सतार हैन । सन्थालको जात, धर्म, भाषा संस्कार, संस्कृतिको स्पष्ट उल्लेख हुनु पर्छ । ब्राकेट वा स्लास (सतार/सन्थाल) यस्तो हुनु हुँदैन । स्पष्ट सन्थालमात्र हुनु पर्छ ।

२. विभिन्न लेख, रचना, किताब, लोकसेवा, सामान्य ज्ञानको पुस्तकमा समेत सन्थाल जातिको बारेमा गलत व्याख्या सुजबुझ विना लेखिएकोले घोर विरोध र आपत्ति रहेको छ । साथै नेपाली शब्दकोष भण्डारमा सतार र सन्थाल एउटै हो जसको अर्थ लाजपचको, लवस्तरो, नकचरो लेखिएको छ । के सम्पूर्ण सन्थालको अर्थ लाज सरम नभएको जाह हो र ? यो अभिलेख अविलम्ब सुधार गरी साथै सन्थाल समाजमा मज्हिप्रगाना व्यवस्था लागु हुनु पर्छ ।

३. जल, जंगल, जमिनका अधिपति सन्थाल्क जाति सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, राज्य निकायमा पहुँचको कमि विशेषत: राज्य निकायबाट संरक्षण नभएकोले पलायन भएको पाईन्छ । आज भूमिहिन सुकुम्वासी, आवासहिन साथै आदिमकाल देखि बसोवास गरिरहेको सन्थाल जाति कयौ नागरिकता विहिन भएकालेले सम्पूर्ण तह तप्काको ध्यानाकर्षण हुन जरुरी छ ।

४. आदिम कालदेखि बसोवास रहेको सन्थाल जाति कयौंको अहिले पनि नागरिकता विहिन छन् छ त केवल जन्मसिद्ध नागरिकता त्यस्ताका छोराछोरीहरु आफ्नै जन्मभूमिमा शरणार्थी दासत्व जस्तो राष्ट्रिय प्रमाण विहिन छन् । यदि आदिवासी हो भने बंशजको नागरिकता पाउनु पर्दछ ।

५. २०७८ को जनगणना तथ्यांकलाई आधार मानेर सन्थाल जातिको बारेमा प्रकाशित हुने लेख, रचना, पुस्तक, सामान्य ज्ञान, लोकसेवा आयोगको पुस्तक, आदि कितावमा सत्य तथ्य र वास्तविक कुरा आउनको निम्ती केन्द्रीय तथ्यांक विभागमा सन्थाल जातिको जात, भाषा, धर्म, संस्कार, संस्कृति साथै पहिचान र अस्तित्व स्पष्ट रुपमा उल्लेखित हुनु अत्यन्तै जरुरी रहेको छ ।

६. केन्द्रीय तथ्यांक विभाग, शाखा कार्यालय विराटनगरमा २०७८/६/६ गते साथै २०७८/६/१५ गते केन्द्रिइ तथ्यांक विभाग, काठमाण्डौमा ज्ञापन पत्र दर्ता नं. ७२२ को निवेदन पेश गऱ्यौ । तथ्यांक विभागको जाति कोड ५२ नम्वरमा सतार/सन्थाल रहेकोले स्पष्ट सन्थाल (थरहरु :- वेसरा, मुर्मु, मर्डी, सोरेन, हस्दा, बास्के, हेमरम, चोडे, पौरिया, किस्कु, टुडु र बेदिया) मात्र हुनु पर्दछ भन्ने हाम्रो माग हो ।

७. जुन शब्दको नामले सन्थालहरुको पहिचान, अस्तित्व, इतिहास झल्काउछ त्यस्तो ऐतिहासिक ठाउँ, गाउँ, खोलानाला आदिको नामाकरण बदल्ने क्रियाकलाप नव आगन्तुक जाति वा समुदायले तुरुन्त बन्द गरी सन्थाल जातिको अस्तित्वको संरक्षणमा जातीय, सांस्कृतिक, भाषिक तथा धार्मिक संरक्षणमा समेत जिल्ला प्रशासन कार्यालय साथै सम्वन्धित निकायको योगदान रहोस भनि यो ज्ञापन पत्र प्रदान गर्दछौ ।

## ४२ फरार...

फैसलावाट उक्त घटनामा संलग्न तिनैजनालाई जनही ६ वर्ष कैद तथा ९९ हजार रुपैया जरिवाना फैसला भएको थियो ।

त्यसरी फरार प्रतिवादी पक्राउ अभियान नै संचालन गरी कार्य गर्दै आईरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले फरार प्रतिवादीहरुलाई पक्राउ गरी फैसला कार्यान्वयनको लागी सम्मानित जिल्ला अदालतमा पेश गरेको थियो ।

## जनमतले...

सुनिता सरदार, मोरंग जिल्ला अध्यक्ष बुद्धी माझी लगतयका नेताहरुले रंगभेद वाट भईरहेको शोषणका वारेमा मन्तव्य राख्दै रंगभेद विरुद्धको आन्दोलनमा सबैलाई एकठाउँमा आई रंगभेदलाई अन्त गर्न एक जुट हुनु पर्ने वताए ।

रंगभेद विरुद्धको एकता दिवस देश भरी नै जनमत पार्टीका नेता तथा कार्यकर्ताहरुले ऱ्याली, कोण सभा एकसाथ गरेको छ । रंगभेद विरुद्धको एकता दिवस देशभरी मात्रै होईन अन्तराष्ट्रिय स्तरमा समेत मनाउने गरेको जनमत पार्टीका महानगरपालिका अध्यक्ष तथा बृहत ऱ्याली कार्यक्रमको संयोजक अरुण कुमार मण्डलले बताए ।

## लाभान्वित...

संचालक समितिको साथै ऋृण उप-समिति, शिक्षा तथा सामाजिक उप समिति, अनुगमन तथा सु-शासन उप-समिति र लेखा तथा सुपरिवेक्षण समिति रहेको छ ।

साधारण सभामा प्रदेश १ का प्रदेश सभा सचिवालयका हरि बहादुर खत्री, ईलाका प्रहरी रानीका हरि भण्डारी, विराटनगर महानगर पालिका बडा नम्बर १६ र १२का वडा अध्यक्षद्वय मनोज सुब्बा र हिरालाल कामत, बुद्धिजीवी राम चन्द्र साह, लगायत शेयर सदस्यहरुको उपस्थिति रहेको थियो

उक्त साधारण सभा संस्थाको संचालक समिति अध्यक्ष निराजन कुमार साहको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## हार्दिक श्रद्धाञ्जली



जन्म
२००६ मंसिर १५ गते

विल्टी सिंह

स्वर्गारोहन
२००६ मंसिर १५ गते

विराटनगर महानगर पालिका वडा नं. १२ निवासी बृहत नागरिक समाजको अध्यक्ष सुर्यनाथ प्रसाद सिंहको जीवन संगीनी श्रीमति विल्टी सिंह ७२ वर्षको उमेरमा मंसिर ४ गते शनिवार असामयिक निधनले हामीलाई मर्माहित बाएको छ । दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ । साथै शोकको यस घडीमा शोकसन्तप्त परिवारजन प्रति हार्दिक संमवेदना प्रकट गर्दछौ ।

**बृहत मधेशी नागरिक समाज परिवार**

**एवम्**

**श्याम सुन्दर सुतिहार (सम्पादक)**

**क्राईम अपरेशन साप्ताहिक**

**परिवार**

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

१७

## खोप लगाऔं सुरक्षित रहौं

खोप लगाएपछि पनि,

- मास्कको नियमित प्रयोग गरौं,
- आवश्यक परेमात्र बाहिर निस्कौं,
- भिडभाडबाट बचौ,
- कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कामय गरौं ।
- साबुन पानीले हात धोऔं,
- साबुन पानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौं,
- शंका लागे तुरुन्त स्वास्थ्य परीक्षण गराऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# लोकतन्त्रमा निर्वाचन अपरिहार्य

नेपालमा राना, राजा र राजनीतिक दलहरुले शुरु देखि शासन व्यवस्थालाई आफ्नो हातमा लिएर आफू खुशी राज्यको साधन स्रोतलाई प्रयोग गरी व्यक्तिगत लाभ लिएर देशलाई आर्थिक रुपमा कम्जोर पारी सकेको छ। नेकपा माओवादी र मधेशवादीका कारण नेपालमा गणतन्त्र सहितको लोकतन्त्र स्थापना भएको छ। लोकतन्त्रमा निर्वाचन अपरिहार्य हुन्छ यदि निर्वाचन नै भएन भने के को लोकतन्त्र ? गणतन्त्र सहितको लोकतन्त्र भनेको जनतावाट चुनिएर गएका जनप्रतिनिधीहरु द्धारा संचालन गरिने शासन व्यवस्था हो । सो अन्तर्गत देशमा विभिन्न नाम गरेको पार्टीहरु गठन भएका हुन्छ। त्यो पार्टी पनि संविधानल अवलम्वन गरेको उदेश्य अनुरुप हुनै पर्छ । संविधान विपरीत हुने गरी कुनै पनि काम कारवाही वा पार्टी खोल्न निशेधित गरिएको हुन्छ। तर नेपालको सन्दर्भका अहिले राजनितीक पार्टीहरुले संविधानलाई धज्जी उडाउने गरी क्रियाकलाप गर्न उद्त भएको देखिन्छ । पार्टीलाई भन्दा पनि व्यक्तिलाई शक्तिमान वनाउन पार्टीको एक पक्ति व्यक्तिगत स्वार्थ पुर्तिको लागि लागेका छन्।

लोकतान्त्रिक व्यवस्थाको प्रमुख आधार नै निर्वाचनलाई मानेको हुन्छ । कुन देशको कस्तो शासन व्यवस्था कस्तो छ । त्यस देशको निर्वाचन समयमा भयो कि भएन कुराले नै लोकतन्त्र छ कि छैन भनी निर्धारण गर्दछ। हाम्रो मुलुकमा अहिले देश हाक्ने सबभन्दा ठूलो राजनितीक दल नेकपा एमाले र दोस्रो प्रतिपक्षी दल नेपाली काग्रेस रहेको छ । जसमा नेकपा एमाले महाधिवेशन भई रहेको छ भने कांग्रेस पनि महाधिवेशन गर्न होमिसकेको छ । जसमा नेकपा एमालेका महाधिवेशनमा निर्वाचन नगरी सहमतिमा पदाधिकारी चयन गर्ने एक गुटको चाहना छ भन एक गुटले जसले हारेजिते पनि निर्वाचन हुनु पर्छ। ओलीलाई सर्व शक्तिमान वनाउने एउटा गुटले सहमतिमा पदाधिकारी चयन गर्नु भनेको लोकतन्त्रका उपहास हो । यदि पार्टी भित्र ओली गुट बलियो छ भन निर्वाचनबाट भाग्ने डराउने कामै छैन । त्यसैले लोकतान्त्रिक व्यवस्थालाई जोगाई राख्न पनि आली समूहले निर्वाचनमा जानु पर्छ। अन्यथा कुनै व्यक्तिलाई सर्वशक्तिमान वनाउनु लोकतन्त्रको लागि घातक हुन्छ।

दुवै पार्टीहरुले लोकतान्त्रि अभ्यास गरेको धेरै भई सकेको छ। यी दुवै पार्टीका बुढा नेताहरुले नै नेतृत्व हत्याउने प्रयासमा लागेका छन्। तर, पार्टीको नेतृत्वमा मात्रै ध्यान दिँदा र गुट, उपगुटमा विभाजित भएर पार्टीभित्रै राजनीति गर्दा यसको असर आफ्नै भ्रातृ संगठनमा वर्षौंदेखि परेको छ। त्यसैले नेतृत्व वर्गले आफू अगाडी नेतृत्वका लागि सर्नु भन्दा पनि यूवा पूस्तालाई नेतृत्व हस्तान्तरण गरी उदारता देखाउनु पर्छ। निर्दलीय बहुदलीय र प्रजातन्त्रको वेला नेतृत्व गरेका बुढापाकाहरुले फेरी पनि लोकतान्त्रिक व्यवस्थामा तीनीहरुले नै हाली मोहाली गर्न खोजेपछि देशमा विद्रोह हुन स्वाभाविक नै हो। यूवा पुस्ता वेरोजगारी भई बस्न सक्दैन तीनीहरुलाई नेतृत्वमा गए नयां जोशजागरले देश विकास गरी समृद्धि तर्फ उन्मुख गर्ने छ। त्यसैले निर्दलीय, बहुदलीय र प्रजातन्त्र स्थापना तथा काम गरेका, नेतृत्व गरा अग्रपक्तिका नेताहरुले विश्राम लिई नयां पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# पोलिथिनजन्य पदार्थको व्यवस्थापन अहिले नगरे कहिले गर्ने ?

**निपेश ढाकाल**

पछिल्लो केही दिनमा भारतको राजधानी नयाँदिल्ली शहर अनिश्चितकालीन लकडाउनको अवस्थामा पुगेको छ। यस पटकको लकडाउन कोभिड-१९ संक्रमणका कारण होइन, वायु प्रदूषणको कारणले भएको हो। यो समयमा शैक्षिक संस्था, सरकारी तथा निजी कार्यालय, सवारी साधन लगायत मानिसका नियमित क्रियाकलाप र चहलपहल ठप्प परेका छन्।

यस्तो वायु प्रदूषण नेपालका धेरै शहरमा पनि बढिसकेको छ र यो अवस्था सिर्जना नहोला भन्न सकिंदैन। यसको प्रमुख कारण वन आगलागी, सवारी साधन, माटोको भू-क्षय, कलकारखानाको वृद्धि, अप्राकृतिक बस्ती निर्माण लगायत पोलिथिनजन्य पदार्थ पनि हो।

वायु प्रदूषणको मुख्य सूचक पोलिथिनजन्य पदार्थको प्रयोग र यसलाई जलाउँदा निस्कने धुवाँ हो। त्यसैले पोलिथिनजन्य पदार्थ जलाउँदा पर्ने असर साथै यसको न्यूनीकरणको उपाय सम्बन्धी प्रष्ट्याउन यो आलेख तयार पारिएको हो।

पछिल्लो समयमा गृहिणीहरूले प्लाष्टिक तथा पोलिथिनबाट दाउरामा आगो सल्काएका दृश्यहरू नेपालका अधिकांश ग्रामीण ठाउँमा देख्न सकिन्छ। घरभित्र खाना पकाउन वा घर बाहिर वस्तुभाउलाई कुँडो पकाउने चलन गाउँघरमा बढ्दो छ। आगो सल्काउनको लागि प्लाष्टिक छिटोछरितो हुने हुँदा पोलिथिनका झोला र अन्य खाद्य वा अखाद्यका पोलिथिनजन्य प्याकेटको जोहो गर्ने चलन स्थापित भइसकेको छ।

त्यस्तै घर, पसल, होटल, कलकारखाना, उद्योगबाट निस्किएको पोलिथिनजन्य फोहोरलाई जलाउने कार्य झन् बढ्दो छ। प्लाष्टिक तथा पोलिथिनको अधिक प्रयोग र यसलाई खुला रूपमा थुपार्ने र जलाउने कार्यले हाम्रा वस्ती कुरूप बन्दै गएका छन्।

सयौं वर्षसम्म नकुहिने, माटोको उर्वरशीलतामा ह्रास ल्याउने राक्षसरूपी पोलिथिनको प्रयोग र यसको विसर्जन यही अनुपातमा बढ्दै गए अबको केही वर्षभित्र नै ठूलो समस्या उत्पन्न हुने निश्चित देखिन्छ। अझ पोलिथिनजन्य पदार्थ जलाउने संस्कारको विकास भइसकेकोले यसले मानव स्वास्थ्य, माटो र वातावरणमा पार्ने गहिरो प्रभाव तथा असरको बारेमा आम मानिसले बुझ्न र बुझाउन अति जरूरी छ।

पोलिथिनजन्य पदार्थ के हो ?

अहिलेको विश्व जनजीवनलाई सहज र आरामदायी बनाउन मानवले अगाडि बढाइरहेको अति आवश्यक एक वस्तु हो, प्लाष्टिक तथा पोलिथिन। यो अन्य वस्तुको तुलनामा हलुङ्गो, पुनः प्रयोग हुने, टिकाउ र कम मूल्य पर्ने हुँदा क्षणिक रूपमा आकर्षित गरिरहेको छ।

हामीले पोलिथिन र प्लाष्टिकलाई एकै अर्थमा बुझेका छौं तर यसमा केही भिन्नता छ। प्लाष्टिक ताप र दबाब लागू गरेर सजिलैसँग पुनः आकार दिइएको एक वस्तु हो। त्यस्तै, पोलिथिन भनेको एक प्लाष्टिक हो तर सबै प्लाष्टिक पोलिथिन हैनन्।

पोलिथिन एक रासायनिक प्रतिरोध, पारदर्शिता, लचिलोपन र पोलिमराइजिङ्ग इथिलिन पदार्थले बनेको सिन्थेटिक गुण भएको वस्तु हो। यसलाई मुख्यतया खाद्य वा अखाद्य वस्तुको किनमेलको लागि झोला र प्याकिङ प्रयोजनको लागि प्रयोग गरिन्छ।

सर्वप्रथम सबै मानिसले बुझ्ने भाषामा खुला रूपमा फालिएका पोलिथिन र प्लाष्टिक सहित खाद्य वा अखाद्य वस्तुका प्लाष्टिकका खोलहरू, तार तथा विद्युतीय सामग्री, टायर, खेलौना, प्लाष्टिक भाँडाहरू, जुत्ताचप्पल, कपडा, बोरा लगायत सबै काम नलाग्ने चिजलाई पोलिथिनजन्य पदार्थ भनेर बुझौं। हाम्रो नेपाल जस्तो अविकसित मुलुकहरूमा पोलिथिनजन्य पदार्थ जलाउने गर्दछन्। यो पनि अहिले मानव स्वास्थ्य र पर्यावरणसँग जोडिएको जटिल समस्या हो।

पोलिथिनजन्य पदार्थलाई घरको छेउमा, खेतबारीको कुनामा, सार्वजनिक ठाउँ, पानीका स्रोतहरूमा जथाभावी फाल्ने र जलाउने गरेका छौं। यी पोलिथिनजन्य पदार्थको मात्रा दिन प्रतिदिन थपिंदै गएको छ। सयौं वर्षसम्म नकुहिने, माटोको गुणस्तरमा ह्रास, इकोसिस्टममा असन्तुलन गराउने पोलिथिनजन्य पदार्थको असर र यसलाई जलाउँदा हुने असरको बारेमा केही चर्चा गरौं।

मानव स्वास्थ्यमा असर

पोलिथिनजन्य पदार्थ मानव स्वास्थ्यमा जटिल समस्याको रूपमा देखिएको छ। यी पदार्थको व्यवस्थापनका लागि मुख्यतया जलाउने गरिएको छ। हामी बाटोमा हिंड्दा वा यात्रा गर्दा विभिन्न ठाउँमा यी पोलिथिनजन्य पदार्थलाई जलाइराखेको देख्छौं।

जर्नल अफ द अमेरिकन क्यान्सर सोसाइटीमा प्रकाशित एउटा अध्ययनले यसरी पोलिथिनजन्य पदार्थ जलाउँदा यसको दुर्गन्धित धुवाँले दीर्घकालीन रूपमा मानिसको माथिल्लो श्वासनलीमा क्यान्सरको जोखिम पार्दछ। त्यस्तै धेरै रोगहरूको जोखिम बढाउँछ।

हृदयघात, दम, फोक्सोमा समस्या जस्ता श्वास-प्रश्वास सम्बन्धी रोगहरूको संक्रमण बढाउँदछ। त्यस्तै टाउकोदुखाइ र स्नायु प्रणालीलाई पनि क्षति पुऱ्याउँछ।

यसको असरले विशेष गरी केटाकेटी, गर्भवती महिला र वृद्धहरूलाई गम्भीर समस्या उत्पन्न गराउँछ। एक अध्ययनले पोलिथिनसँगै कपडा, दाउरा, टायर तथा अन्य हानिकारक पदार्थ जलाउँदा निस्कने धुवाँबाट दम, एम्फाइसेमा, निमोनिया र ब्रोन्काइटिस, फोक्सोमा समस्या, श्वास-प्रश्वास सम्बन्धी रोगहरू, हृदयघात, स्ट्रोक आदि जस्ता घातक रोगहरूले आक्रमण गर्दछ।

पोलिथिन जलाउँदा उत्पन्न हुने धुवाँमा शिशा, फलाम र म्याग्नेसियमको मात्रा पाइने हुनाले मानव शरीरमा विषाक्त बोझ बढाउँदछ। जब यी पदार्थ मिसिएको ग्याँस श्वास-प्रश्वासबाट लिन्छौं, हाम्रो शरीरलाई यी विषाक्त पदार्थहरू हटाउन मिर्गौलालाई भार पर्दछ। यसको असरले मिर्गौलामा विभिन्न समस्या निम्त्याउँछ।

उक्त धुवाँले आँखा, फोक्सो, घाँटी र साइनसको उत्तेजित असर गर्दछ। ट्रिगर, टाउको दुखाइ र एलर्जी पनि बढाउँछ। लामो अवधिको जोखिमले पुरानो अवरोधक फोक्सोको रोग र जीर्ण हुन सक्छ।

दीर्घकालीन रूपमा क्यान्सर तथा म्युटेशन बढाउँदछ। अझ यसलाई जलाउन संलग्न व्यक्तिलाई मुख्यतया नाइट्रोजन अक्साइड, कार्बनमोनोअक्साइड ग्याँस सासिएर तत्काल खोकी, सास फेर्न अप्ठ्यारो भई चक्कर समेत आउँछ। यसको धुवाँको सबैभन्दा बढी असर बालबालिका, वृद्ध आमाबुवा, गर्भवती महिला र दीर्घरोगीलाई पर्दछ।

हाम्रो समाजमा जाडो मौसममा आगो ताप्ने प्रचलन रहेको छ। कतिपय खुला स्थान तथा राज मार्गमा दाउरा सँगै पोलिथिनजन्य पदार्थ र टायर बालेर पनि आगो ताप्ने चलन देखिन्छ। यसबाट निस्कने धुवाँमा कार्वन मोनोअक्साइड, फर्मल्डिहाइड, जैविक ग्याँस एल्डिहाइड ग्याँस र अन्य श्वास-प्रश्वासमा उत्पन्न इरेन्ट्स समेत, बेन्जिन, बेन्जो (ए)पाइरेन र डिबेन्च (ए,एच) एन्थ्रेसिन, नाइट्रोजन अक्साइड, पोलिसाइक्लिक एरोम्याटिक हाइड्रोकार्बन (पिएएचएस) र डाइक्सिन जस्ता ग्याँस समेत निस्कन्छन्। यस्तो धुवाँबाट हुने हानि ३० चुरोट खिलीले भन्दा ४३०० गुणा बढी उत्पन्न गराउँछ।

पोलिथिनजन्य पदार्थ जलाउँदा न्युरोलोजिकल लक्षणहरू जस्तै टाउको दुख्ने, ध्यान केन्द्रित नहुने, बिर्सने तथा मस्तिष्क कोषहरूमा स्नायु सम्बन्धी समस्या पनि बढाउँदछ। पोलिथिन जलाउँदा उत्पन्न हुने धुवाँमा शिशा, फलाम र म्याग्नेसियमको मात्रा पाइने हुनाले मानव शरीरमा विषाक्त बोझ बढाउँदछ। जब यी पदार्थ मिसिएको ग्याँस श्वास-प्रश्वासबाट लिन्छौं, हाम्रो शरीरलाई यी विषाक्त पदार्थहरू हटाउन मिर्गौललाई भार पर्दछ। यसको असरले मिर्गौलामा विभिन्न समस्या निम्त्याउँछ।

पोलिथिनजन्य पदार्थ जलाउँदा मानव स्वास्थ्यमा दाउराको धुवाँ भन्दा कैयौं गुणा असर गर्दछ। यसको धुवाँले टोल, छरछिमेक मात्र हैन पूरै गाउँ तथा पेरीफेरीको क्षेत्रलाई नै प्रभावित पार्दछ। पोलिथिनबाट उत्सर्जन ग्याँसको दीर्घकालीन जोखिम भनेको क्यान्सर रोग निम्त्याउनु हो।

त्यसैले कुनै एक ठाउँमा जलाइएको पोलिथिनजन्य पदार्थले समग्र मानववस्तीको स्वास्थ्यमा असर गर्दछ। पोलिथिन जलाउँदा उत्पन्न हुने यस्ता घातक तत्वहरूको थोरै परिमाणबाट मानव लगायत धेरै प्राणीहरूको मृत्यु दिनप्रतिदिन निम्त्याइरहेको छ। पछिल्लो

वांकी ५ पेजमा...



## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## नगद र तास सहित ९ जुवाडेहरू प्रहरी द्धारा पक्राउ



झापा । झापाको दमक नगरपालिका वडा नं. ५ को टेक वहादुर कार्कीको घरमा तास खेलिरहेको अबस्थामा ९ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा घरधनि ४६ बर्षीय टेक बहादुर कार्की, सोही स्थानका ५१ बर्षीय कुशराज खत्री, ५४ बर्षीय सुरेश भण्डारी, ३८ बर्षीय नारायण कडरिया, ४१ बर्षीय सुर्य न्यौपाने, ४८ बर्षीय खगेन्द्र भुजेल, ४० बर्षीय खगेन्द्र राजवंशी, सोही स्थान ८ का २९ बर्षीय प्रदिप थापा र कमल गाऊपालिका ५ का ३० बर्षीय सुरेश सुव्वा रहेका छन् ।

बिशेष सुचनाको आधारमा मंगलबार ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई तिन बुङ तास र नगद २९ हजार ७ सय ४५ रुपैया सहित पक्राउ गरिएको थियो ।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

## गाँजा तस्करीमा टेम्पुको प्रयोग, चालक प्रहरीको नियन्त्रणमा



विराटनगर । मान्छेलाई ओसार पसार गर्न प्रयोग गर्ने टेम्पु आजकाल गाँजा तस्करी गर्न प्रयोग गर्न थालेको छ ।

मोरंगको पुरानो सदर मुकाम हालको रंगेली नगरपालिका वडा नं. १ बिशाल बजार चौक स्थितमा को १ ह ४८०२ नम्बरको टेम्पोबाट १६ केजी गाँजा बरामद भएपछि टेम्पुमा गाँजा तस्करी भई रहेको रहस्य खुलेको हो ।

शनिवार ईलाका प्रहरी कार्यालय सखरदिनाबाट खटिएको प्रहरी टोलीले संका लागी चेकजाँच गर्दा सो परिमाणको गाँजा फेला परेको हो ।

गाँजा फेला परे पश्चात टेम्पो चालक मोरङ बेलबारी नगरपालिका वडा नं. ३ का २४ बर्षीय बुद्दराज राईलाई पक्राउ गरी थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय रंगेलीले जनाएको छ ।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १






# ‘शरीरले मागिराछ, मेन्टल्ली हानिराछ’

गोकर्णप्रसाद उपाध्याय

किशोरी र किशोर (दृश्य-१)-

’साऽऽऽले। आज पनि झ्याप् भएर आका ?’

काठमाडौं अनामनगरको धोबीखोला करिडोरमा एक साँझ विपरीत दिशाबाट आएका किशोर-किशोरीमध्ये किशोरीले किशोरलाई थप्पड हान्नुअघि बोलेको संवाद।

किशोर: (गाला मुसार्दै, रातो आँखा जुधाउँदै) आज खा’को छैन। तेरो कस्सम।

किशोरी: झुट बोल्छस्? (दोस्रो चड्कन अर्को गालामा) साला ड्रगिस्ट। तँलाई जत्ति भन्दा नि नहुने है !

(म, खोलामा बगिरहेको धमिलो लेदो पानी र सडकमा चिप्लिरहेका रंगीचंगी सवारीसाधन घटनाका साक्षी छौं ।)

किशोर: आज एक स्टिक मात्र हानेको। हल्का ट्रिप दिएछ। ओइ, नरिसा न यार, भोलिदेखि खान्नँ। तेरो कस्स्स्सम्।

एकछिनको बाझाबाझपछि सहमतिमा आउँदै किशोरी भन्छिन्, ’अबदेखि खाइस् भने नि तँलाई सिध्धै ब्रेकअप हान्दिन्छु, याद गर्लास् ।’

थुनामा रहेका युवा (दृश्य-२)-

लागुऔषध नियन्त्रण ब्युरोको नियन्त्रण कक्ष। हतकडीमा जेलिएका २६ वर्षमुनिका १६ युवा ।

साझा कसुर- ब्राउन सुगरको प्रयोग र बिक्रीमा संलग्नता ।

केही दिनअघि ब्राउन सुगर प्रयोगकर्ता र बिक्रेताको ’च्यानल’ खोज्दै जाँदा पक्राउ परेका। प्रत्येकको साथबाट १ ग्रामदेखि २८ ग्रामसम्म बरामद ।

कोही इन्जिनियर। कोही होटल सञ्चालक। कोही अन्य व्यापारमा संलग्न। कोही अनुभवी। कोही नवप्रवेशी ।

’एक ग्रामकै हैन, सातदेखि बीसहजार रूपैयाँसम्म तिरेको छु’ भन्छन् एक युवा ।

होटलमा काम गर्ने र आवश्यक परे बुवाले चलाएको मासु पसलबाट पैसाको जोहो मिलाउने उनी थप्छन्, ’केही दिनदेखि डोज खान पाएको छैन। अहिले शरीरले मागिरा’छ, मेन्टल्ली हानिरा’छ। यस्तै हो क्या, छाड्नै नसकिने। टेन्सन भइराछ ।’

’फेरि खाने हो, यहाँबाट छुटेपछि पनि ?’

अर्का युवा पछाडिबाट ’लजिकल्ली र ’फन्नी’ पाराले भन्छन्, ’अब त कन्फर्म खाइँदैन सर छुटेपछि। ५-६ वर्ष जेलैमा काट्नुपर्छ होला। छुटुञ्जेल त ब्राउन सुगर के हो भन्ने नै बिर्सिसक्छ होला ।’

यी दुई दृश्य काफी छन् जसले भनिरहेका छन्- नेपालमा लागुऔषध गम्भीर समस्याका रूपमा झाँगिदैछ। सहरहरूमा लागुऔषधको परिमाण बढ्दैछ। सुरूमा देखासिकी, त्यसपछि बानी (दुर्व्यसनी) हुँदै अनन्त: पेसा नै बनेर युवा जमातलाई लागुऔषध समस्याले भड्खालोमा हाल्दैछ ।

नेपालको तथ्यांकले के भन्छ ?

सन् २०१८ को अध्ययनले नेपालमा एक लाख ३० हजारभन्दा बढी लागुऔषध प्रयोगकर्ता रहेको देखाउँछ। देशभरका कारागारमा रहेका २६ हजार कैदीबन्दीमध्ये करिब २१ प्रतिशत लागुऔषधकै मुद्दामा संलग्न हुनुले समस्याको गहिराइतर्फ संकेत गर्छ ।

आर्थिक वर्ष २०७६/७७ मा लागुऔषध प्रयोग, ओसारपसार र बेचबिखनमा संलग्न चार हजार पाँच सय ५४ जना पक्राउ परे। दुई हजार नौ सय तीन जनालाई मुद्दा चलाइयो। अन्य विभिन्न थरीका लागुऔषधका साथमा चार हजार सात सय किलोग्राम गाँजा बरामद गरियो। लागुऔषधका घटना समाजमा खुलेर बाहिर आइरहेका छैनन्। त्यसैले यसले भित्रभित्रै ठूलै अनिष्टको संकेत गरिरहेको छ ।

छिमेकी राष्ट्रहरूको अवस्था के छ ?

लागुऔषधको दुर्व्यसनी र अपराधको समस्या विश्वव्यापी हो। साझा हो । तर पीडा, भोगाइ र अवस्था आ-आफ्नो ।

विश्वभर लागुऔषधका २७ करोडभन्दा बढी प्रयोगकर्ता छन्। एसियामा मात्रै आठ करोडभन्दा बढी। छिमेकी राष्ट्रहरूको पीडा अझ नेपालभन्दा भयावह छ ।

बंगलादेशकै कुरा गरौं, जहाँ ३६ लाख प्रयोगकर्ता छन्। समस्या बढ्दै गएकाले बंगलादेशले सन् २०१८ को कानुनमा ५ ग्रामभन्दा बढी यावा वा २५ ग्रामभन्दा बढी हेरोइन वा कोकिन उत्पादन, व्यापार वा प्रयोग गरेमा आजीवन कारावास वा मृत्युदण्डसम्म सजाय गर्ने ’बिल’ पेस गर्‍यो जुन सन् १९९० को कानुनमा थिएन। सन् २०२१ को सुरूतिरै त्यहाँ १७ लाख यावा ट्याब्लेट एकै ठाउँबाट जफत गरिएको थियो ।

विश्व खुसी सूचकांकको अवधारणा भित्र्याउने भुटान पनि समस्याग्रस्त छ। त्यहाँ सन्१९८० दशकदेखि बढ्न थालेको लागुऔषधको समस्या अहिले उत्कर्षमा छ। सन् २०१७ को सर्वेक्षण भन्छ- भुटानका विश्वविद्यालयहरूमा अध्ययनरत दुईतिहाइ युवा कुनै न कुनै कुलतमा छन्। अस्पतालहरूमा ड्रग ओभरडोजका घटना बर्सेनि बढिरहेका छन् ।

भारतमा लागुऔषध कारोबारका लागि इन्टरनेट फार्मेसीहरू, ’डार्क वेब’ र ’बिट क्वाइन’ को प्रयोग ह्वात्तै बढेको छ। फिल्मी दुनियाँका कयौं कलाकार लागुऔषधका कारण बर्बाद मात्रै भएका छैनन्, आत्महत्यासम्म गर्न बाध्य छन्। सन् २०१८ मा मात्रै भारतभर तीन लाख ९१ हजार किलोग्राम ’क्यानाबिज’ जफत र ६० हजारभन्दा बढी मानिसलाई लागुऔषध मुद्दामा पक्राउ गरियो ।

म्यानमार सरकारले लागुऔषधको जोखिम रोकथाम गर्न प्रयोगकर्ताको उपचार र स्वास्थ्य सेवाका लागि २६ वटा मुख्य ड्रग ट्रिटमेन्ट सेन्टर, ४७ वटा सहायक ड्रग ट्रिटमेन्ट सेन्टर, ५५ वटा मेथाडोन सेन्टर, ९ वटा पुनर्स्थापना केन्द्र र ३ वटा युवा सुधार केन्द्र सञ्चालन गरेको छ ।

थाइल्यान्डका लागि उसकै भूमि भएर ओसारपसार हुने र देशभित्र निकै खपत हुने, ’क्रेजी मेडिसिन’ को नामले परिचित यावा ट्याब्लेट सबभन्दा ठूलो चुनौती बनेको छ। सन् २०१८ मा मात्रै थाई प्रशासनले ५१ करोडभन्दा बढी यावा ट्याब्लेट जफत गरेको थियो। त्यसैगरी पार्टी र मनोरञ्जन स्थलहरूमा प्रयोग हुने लागुऔषध केटामाइन पनि थाइल्यान्डको टाउको दुखाइ बनेको छ ।

अध्ययन भन्छ- न्यून आय भएका मुलुकमा सन् २०३० सम्म लागुऔषध प्रयोगकर्ता संख्या ४३ प्रतिशत बढ्नेछ। जुन उच्च आय भएका मुलुकमा एक प्रतिशतले मात्र बढ्ने देखिन्छ ।

यसबाट लागुऔषधको जोखिम आगामी दिनमा नेपालजस्ता कमजोर र कम विकसित मुलुकका लागि झन् चुनौती बन्ने संकेत देखिएको छ ।

हुन त लागुऔषधको जोखिमप्रति नेपाल लगायत सार्क राष्ट्रहरू गम्भीर छन्। सार्क स्थापनापछि पहिलो सार्क वर्षका रूपमा ’लागुपदार्थ दुरुपयोग र ओसारपसारविरूद्धको सार्क वर्ष १९८९’ घोषणा गर्नु त्यसैको प्रमाण हो। तर त्यही जोश र अग्रसरता कायम हुन नसक्दा समस्या सबैतिर विकराल बन्दैछ ।

नेपालमा त झन् खराब हुँदै जाने देखिन्छ किनकी हामीकहाँ समस्याको गाम्भीर्यताअनुसार लागुऔषधको उत्पादन, प्रयोग, ओसारपसार रोक्न आवश्यक कानुन र पर्याप्त जनशक्तिसहितको बलियो राष्ट्रिय संयन्त्रको अभाव छ। त्यसैले सचेतना र रोकथामका प्रयासहरू अपर्याप्त छन् ।

हामी लागुपदार्थ उत्पादन तथा ओसारपसारको राजधानी मानिने ’गोल्डेन ट्रायंगल’ बाट नजिक छौं। भारतसँगको खुला सीमाले झन् इन्धनको काम गरेको छ। प्रविधिको कमी छ, लागुऔषध पत्ता लगाउने मेसिन र प्रविधि भित्र्याउन सकिएको छैन ।

लागुऔषध नियन्त्रण लामो समयदेखि सरकारको उच्च प्राथमिकतामा छ। ’हिप्पी’ संस्कृति फस्टाएसँगै यसका विकृति रोक्दै सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न सरकारले लागुऔषध (नियन्त्रण) ऐन, २०३३ ल्यायो ।

लागुऔषधसम्बद्ध तीनवटै अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बन्यो। नीति, रणनीति, कार्यक्रम ल्याएर निजी तथा गैरसरकारी क्षेत्रसँग समेत हातेमालो गर्दै अगाडि बढ्दै छ। तर यी प्रयास पर्याप्त होइनन्। अब युवाहरूलाई लागुऔषधको भड्खालोबाट निकाल्न नयाँ ऊर्जाका साथ, नवीन सोच लिएर, योजनाबद्ध ढंगले अगाडि बढ्नुपर्छ ।

(लेखक गोकर्णप्रसाद उपाध्याय गृह मन्त्रालय, लागुऔषध नियन्त्रण शाखाका शाखा प्रमुख हुन्।)

सेतोपाटीबाट

## चोरी र ज्यान मार्ने उद्योगको फरार प्रतिवादी पक्राउ

विराटनगर, २०७८ मंसिर ७ गते । चोरी ज्यान मार्ने उद्योग मुद्दाका एक एक जना फरार प्रतिवादीहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

चोरी मुद्धाका फरार प्रतिबादी सुनसरी धरान उपमहानगरपालिका वडा नं. १७ नमस्ते चौक का २८ बर्षीय गोफ्ले भन्ने गोपाल गुरुङलाई पक्राउ गरिएको छ ।

चोरी मुद्धामा सम्मानित सुनसरी जिल्ला अदालतबाट २०७६ जेठ ९ गतेको सजाय निर्धारण फैसला आदेशले क्रमश : लगत नं. ८९५९ मा ५९ हजार ९ सय ६ रुपिया जरिवाना, लगत नं. ८९६० मा २ महिना कैद र १७ हजार जरिवाना र ८९६१ मा ८ महिना कैद र ५३ हजार जरिवाना भई कैद तथा जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेको थियो ।

गुरङलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय, रिट बाट खटिएको प्रहरी टोलीले खोजतलास गर्दै जाँदा गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा विहीवार पक्राउ गरि सम्मानित सुनसरी जिल्ला अदालतमा दाखिला गरेको थियो । प्रतिबादी गुरुङलाई सम्मानित अदालत बाट कैद भुक्तानको लागी कारागार चलान गरेको छ ।

त्यसैगरी ज्यान मार्ने उद्योग मुद्धाका फरार प्रतिबादी सुनसरी धरान उपमहानगरपालिका वडा नं. १६ गैरीटोल का ५५ बर्षीय नविन गिरीलाई पक्राउ गरिएको छ । पक्राउ परेका गिरीलाई हिजो सम्मानित जिल्ला अदालत सुनसरीबाट कैद भुक्तानको लागी करागार चलान गरिएको छ ।

सम्मानित उच्च अदालत बिराटनगरबाट २०७७ साल माघ ७ गतेको सजाय निर्धारण फैसला आदेशले ४ बर्ष ७ महिना ४ दिन कैद भई लगत नं. ९४३६ मा कैद बेरुजु रहि सजाय भुक्तान गर्न बाँकी रहेको थियो ।

गिरीलाई पनि १ नम्बर प्रदेश प्रहरी कार्यालय, रिटबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्दै जाँदा गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको थियो ।




क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## एक सातामा लागुऔषध सहित आठ जना प्रहरीको फन्दामा

विराटनगर। एक साता भित्र सुनसरी, मोरंग र झापा जिल्लाको विभिन्न स्थानवाट ८ जनालाई लागुऔषध सहित पक्राउ गरेका छन्।

पक्राउ पर्नेहरुमा सुनसरी धरान उपमहानगरपालिका वडा नं.१५ निराजन वस्तीबाट लागूऔषध सहित ३ जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेहरुमा सोही स्थानका २४ बर्षीय दिपेश राई, विशाल राई र २६ बर्षीय अमृत भन्ने लक्की गुरुङ रहेका छन्।

अस्थाई प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले उनिहरुको साथबाट नाइट्रोजन ७० ट्याव्लेट, डाइजेल्याप ११ एम्पुल, लुप्रिजेशिक ११ एम्पुल, एभिल ११ एम्पुल र नगद रु. ३६ हजार ५०० सहित पक्राउ गरिएको हो।



त्यसैगरी मोरङ बिराटनगर महानगपालिका वडा नं. १५ स्थित १ नम्बर ढाटबाट लागुऔषध सहित एकजनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा मोरङ कटहरी गाउपालिका १ का ३० बर्षीय सुजित पौडेल रहेका छन्।

लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले उनलाई लागुऔषध लुपिजेसिक ८ एम्पुल ,डाईजाल्याब ८ एम्पुल , एभिल ८ एम्पुल, फेनारगन ८ एम्पुल र डाईलेक्स १ बोतल पक्राउ गरेको हो।

मोरङको बिराटनगर महा नगरपालिका १५ स्थितमा रहेको १ नम्बर ढाटबाट लागूऔषध सहित एक जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा जिल्ला धनकुटा नगरपालिका १ हिले बस्ने २३ बर्षीय विवेक तामाङ रहेका छन्।

लागूऔषध नियन्त्रण व्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलीले उनको साथबाट लागूऔषध लुपिजेसिक ९ एम्पुल, डाईजाल्याब ९ एम्पुल, एभिल ९ एम्पुल र फेनारगन ९ एम्पुल सहित पक्राउ गरेको हो।

त्यसैगरी झापाको कन्काई नगरपालिका ७ बिरिङ स्थितबाट लागूऔषध ब्राउन सुगर सहित एक जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा सोही स्थान ३ का २८ बर्षीय सुप्रकाश राई रहेका छन्।

हिजो बेलुका ६ बजे जिल्ला प्रहरी कार्यालय झापा र लागूऔषध नियन्त्रण कार्यालय व्यूरोबाट खटिएको प्रहरी टोलीले उनलाई ब्राउन सुगर ५ ग्राम सहित पक्राउ गरेको हो।


सुनसरी धरान उमनपा ५ देउरालीका २४ को अनम राईलाई नियन्त्रित औषधी सहित पक्राउ गरिएको छ।

हिजो बेलुका साढे ६ बजे अस्थाई प्रहरी पोष्ट देउरालीबाट खटिएको प्रहरी टोलीले उनको घर कोठाबाट नियन्त्रित औषधी ट्रामाडोल ४२५० ट्याव्लेट र स्पास्पेइन ४३०० ट्याव्लेट बरामद गरेको हो।

सुनसरी धरान उमनपा वडा नं. ५ देउरालीका २४ को अनम राईलाई नियन्त्रित औषधी सहित पक्राउ गरिएको छ।


अस्थाई प्रहरी पोष्ट देउरालीबाट खटिएको प्रहरी टोलीले उनको घर कोठाबाट नियन्त्रित औषधी ट्रामाडोल ४२५० ट्याव्लेट र स्पास्पेइन ४३०० ट्याव्लेट बरामद गरेको हो।

पक्राउ परेका आठै जनालाई सम्वन्धीत प्रहरी कार्यालयहरुले थप अनुसन्धान भई रहेको वताएको छ।




## चक्रव्यूह क्या था, इसे कैसे तोडा जाता है ?

अनिरुद्ध जोशी



भगवान श्रीकृष्ण की नीति के चलते अर्जुन के पुत्र अभिमन्यु को चक्रव्यूह को भेदने का आदेश दिया गया। यह जानते हुए भी कि अभिमन्यु चक्रव्यूह भेदना तो जानते हैं, लेकिन उससे बाहर निकलना नहीं जानते। दरअसल, अभिमन्यु जब सुभद्रा के गर्भ में थे तभी चक्रव्यूह को भेदना सीख गए थे लेकिन बाद में उन्होंने चक्रव्यूह से बाहर निकलने की शिक्षा कभी नहीं ली। अभिमन्यु श्रीकृष्ण के भानजे थे। श्रीकृष्ण ने अपने भानजे को दांव पर लगा दिया था।

उन्हें चारों ओर से घेर लिया गया। घेरकर उनकी जयद्रथ सहित ७ योद्धाओं द्वारा निर्मम तरीके से हत्या कर दी गई, जो कि युद्ध के नियमों के विरुद्ध था। कहते हैं कि श्रीकृष्ण यही चाहते थे। जब नियम एक बार एक पक्ष तोड़ देता है, तो दूसरे पक्ष को भी इसे तोड़ने का मौका मिलता है।

चक्रव्यूह क्या होता है ?

युद्ध को लड़ने के लिए पक्ष या विपक्ष अपने हिसाब से व्यूह रचना करता था। व्यूहरचना का अर्थ है कि किस तरह सैनिकों को सामने खड़ा किया जाए। आसमान से देखने पर यह व्यूह रचना दिखाई देती है। जैसे क्रौंच व्यूह है, तो आसमान से देखने पर क्रौंच पक्षी की तरह सैनिक खड़े हुए दिखाई देंगे। इसी तरह चक्रव्यूह को आसमान से देखने पर एक घूमते हुए चक्र के समान सैन्य रचना दिखाई देती है।

इस चक्रव्यूह को देखने पर इसमें अंदर जाने का रास्ता तो नजर आता है, लेकिन बाहर निकलने का रास्ता नजर नहीं आता। यह तो कोई बहुत ध्यान से देखें तो ही संभव होगा लेकिन इसके लिए आपको आकाश से देखना होगा। यदि देख भी लें तो यह चक्रव्यूह तो घूमता ही रहता है।

कहते हैं कि चक्रव्यूह की रचना द्रोण ने की थी। इस व्यूह को एक घूमते हुए चक्के की शक्ल में बनाया जाता था, जैसे आपने स्पाइरल को घूमते हुए देखा होगा। कोई भी नया योद्धा इस व्यूह के खुले हुए हिस्से में घुसकर वार करता है या किसी एक सैनिक को मारकर अंदर घुस जाता है। यह समय क्षणभर का होता है, क्योंकि मारे गए सैनिक की जगह तुरंत ही दूसरा सैनिक ले लेता है अर्थात योद्धा के मरने पर चक्रव्यूह में उसके बगल वाला योद्धा उसका स्थान ले लेगा, क्योंकि सैनिकों की पहली कतार घूमती रहती है। जब कोई अभिमन्यु जैसा योद्धा व्यूह की तीसरी कतार में पहुंच जाता है तब उसके बाहर निकलने के रास्ते बंद हो जाते हैं। यदि वह पीछे मुड़कर देखेगा तो पता चलेगा कि पीछे तो सैनिकों की कतारबद्ध फौज खड़ी है। व्यूह के घुस जाने के बाद अब योद्धा चौथे स्तर के बलिष्ठ योद्धाओं के सामने खुद को खड़ा पाता है।

इस चक्रव्यूह में योद्धा लगातार लड़ते हुए अंदर की ओर बढ़ता जाएगा और थकता भी जाएगा। लेकिन जैसे-जैसे वो अंदर जाता जाएगा, अंदर के जिन योद्धाओं से उसका सामना होगा वो थके हुए नहीं होंगे। ऊपर से वे पहले वाले योद्धाओं से ज्यादा शक्तिशाली व ज्यादा अभ्यस्त भी होंगे। शारीरिक और मानसिक रूप से थके हुए योद्धा के लिए एक बार अंदर फंस जाने पर जीतना या बाहर निकलना कठिन हो जाता है। अभिमन्यु के साथ यही हुआ होगा।

कैसे फंसे अभिमन्यु चक्रव्यूह में ?

कोई भी योद्धा व्यूह की दीवार तोड़कर अंदर जाने के लिए सामने वाले योद्धा को मारकर अंदर जाने का प्रयास करेगा, लेकिन वह तभी अंदर जा पाएगा जबकि मारे गए योद्धा की जगह कोई दूसरा योद्धा न आ पाया हो। इसका मतलब यह कि उसे सामने खड़े योद्धा को मारकर तुरंत ही अंदर घुसना होगा, क्योंकि मारे गए योद्धा की जगह तुरंत ही दूसरा योद्धा लड़ने के लिए आ जाता है। इस तरह यह दीवार कभी टूटती नहीं है। दीवार को तोड़ने के लिए ठीक सामने वाले योद्धा को मारकर अंदर के योद्धा को भी मारते हुए अंदर घुसना होता है। लेकिन नया या अनभिज्ञ योद्धा अगल-बगल के योद्धाओं से ही लड़ने लग जाता है।

अभिमन्यु चक्रव्यूह में घुसना जानता था। उसने सामने वाले योद्धा को मारा और बहुत ही थोड़ी-सी देर के लिए मिली खाली जगह से वह अंदर घुस गया। घुसते ही यह जगह फिर से बंद हो गई, क्योंकि मारे गए योद्धा की जगह किसी अन्य योद्धा ने ले ली। अभिमन्यु दीवार तोड़ते हुए अंदर तो घुस गया लेकिन वह पीछे यह भी देख पाया कि दीवार पुन : बन गई है। अब इससे बाहर निकलना मुश्किल होगा। वह दीवार पहले की अपेक्षा और मजबूत होती है।

प्रारंभ में यही सोचा गया था कि अभिमन्यु व्यूह को तोड़ेगा और उसके साथ अन्य योद्धा भी उसके पीछे से चक्रव्यूह में अंदर घुस जाएंगे। लेकिन जैसे ही अभिमन्यु घुसा और व्यूह फिर से बदला और पहली कतार पहले से ज्यादा मजबूत हो गई तो पीछे के योद्धा, भीम, सात्यकी, नकुल-सहदेव कोई भी अंदर घुस ही नहीं पाए। जैसा कि महाभारत में द्रोणाचार्य भी कहते हैं कि लगभग एक ही साथ दो योद्धाओं को मार गिराने के लिए बहुत कुशल धनुर्धर चाहिए। युद्ध में शामिल योद्धाओं में अभिमन्यु के स्तर के धनुर्धर दो-चार ही थे यानी थोड़े ही समय में अभिमन्यु चक्रव्यूह के और अंदर घुसता तो चला गया, लेकिन अकेला, नितांत अकेला। उसके पीछे कोई नहीं आया।

जैसे-जैसे अभिमन्यु चक्रव्यूह के सेंटर में पहुंचते गए, वैसे-वैसे वहां खड़े योद्धाओं का घनत्व और योद्धाओं का कौशल उन्हें बढ़ा हुआ मिला, क्योंकि वे सभी योद्धा युद्ध नहीं कर रहे थे बस खड़े थे जबकि अभिमन्यु युद्ध करता हुआ सेंटर में पहुंचता है। वे जहां युद्ध और व्यूहरचना तोड़ने के कारण मानसिक और शारीरिक रूप से थके हुए थे, वहीं कौरव पक्ष के योद्धा तरोताजा थे। ऐसे में अभिमन्यु के पास चक्रव्यूह से निकलने का ज्ञान होता, तो वे बच जाते या उनके पीछे अन्य योद्धा भी उनका साथ देने के लिए आते तो भी वे बच जाते।

दरअसल, अर्जुन-पुत्र अभिमन्यु चक्रव्यूह भेदने के लिए उसमें घुस गया। चक्रव्यूह में प्रवेश करने के बाद अभिमन्यु ने कुशलता पूर्वक चक्रव्यूह के ६ चरण भेद लिए। इस दौरान अभिमन्यु द्वारा दुर्योधन के पुत्र लक्ष्मण का वध किया गया। अपने पुत्र को मृत देख दुर्योधन के क्रोध की कोई सीमा न रही। तब कौरवों ने युद्ध के सारे नियम ताक में रख दिए।

६ चरण पार करने के बाद अभिमन्यु जैसे ही ७ वें और आखिरी चरण पर पहुंचे, तो उसे दुर्योधन, जयद्रथ आदि ७ महारथियों ने घेर लिया। अभिमन्यु फिर भी साहस पूर्वक उनसे लड़ते रहे। सातों ने मिलकर अभिमन्यु के रथ के घोड़ों को मार दिया। फिर भी अपनी रक्षा करने के लिए अभिमन्यु ने अपने रथ के पहिए को अपने ऊपर रक्षा कवच बनाते हुए रख लिया और दाएं हाथ से तलवारबाजी करता रहा। कुछ देर बाद अभिमन्यु की तलवार टूट गई और रथ का पहिया भी चकनाचूर हो गया।

अब अभिमन्यु निहत्था था। युद्ध के नियम के तहत निहत्थे पर वार नहीं करना था। किंतु तभी जयद्रथ ने पीछे से निहत्थे अभिमन्यु पर जोरदार तलवार का प्रहार किया। इसके बाद एक के बाद एक सातों योद्धाओं ने उस पर वार पर वार कर दिए। अभिमन्यु वहां वीरगति को प्राप्त हो गया। अभिमन्यु की मृत्यु का समाचार जब अर्जुन को मिला तो वे बेहद क्रोधित हो उठे और अपने पुत्र की मृत्यु के लिए शत्रुओं का सर्वनाश करने का फैसला किया। सबसे पहले उन्होंने कल की संध्या का सूर्य ढलने के पूर्व जयद्रथ को मारने की शपथ ली।

कैसे तोड़ते हैं चक्रव्यूह को ?

कुशल योद्धा देखता है कि बाहर की ओर योद्धाओं का घनत्व कम है जबकि अंदर के योद्धाओं का घनत्व ज्यादा। घनत्व को बराबर या कम करने के लिए ये जरूरी होगा कि बाहर की ओर खड़े अधिक से अधिक योद्धाओं को मारा जाए। इससे व्यूह को घुमाते-चलाते रखने के लिए अधिक से अधिक योद्धाओं को अंदर से बाहर धकेलना होगा। इससे अंदर की तरफ योद्धाओं का घनत्व कम हो जाएगा।

पहेलीनुमा इस व्यूह रचना में योद्धाओं के स्थान परिवर्तन से ये पूरा घूम जाता है। निश्चित ही एक कुशल योद्धा को यह भी मालूम होता है कि घूमते हुए चक्रव्यूह में एक खाली स्थान भी आता है, जहां से निकला जा सकता है। यह भी कि वह अपने बल से हर कतार के एक-एक योद्धाओं को मारते हुए बाहर निकल आए।



# ब्राउन सुगर सहित ७ पक्राउ



झापा । झापाको भद्रपुर नगरपालिका वडा नं. ७ बोक्तोवारी स्थितबाट प्रहरीले लागूऔषध ब्राउन सुगर सहित ७ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सोही स्थानका १९ बर्षीय नारायण राजबंशी, २२ बर्षीय प्रकाश राजबंशी, सोही स्थान ६ संगमटोल का २० बर्षीय राहुल ठाकुर, सोही स्थान ५ का २१ बर्षीय सोनु राजबंशी, बिर्तामोड नगरपालिका वडा नं. ८ सैनिकटोल का १८ बर्षीय सुदिप श्रेष्ठ, बिर्तामोड ६ कसेनिटोल का ३१ बर्षीय प्रताप योन्जन र अर्जुनधारा नगरपालिका १ का २८ बर्षीय राज श्रेष्ठ रहेका छन ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले विहीवार उनीहरुको साथबाट ब्राउन सुगर ४ ग्राम ६१० मिलिग्राम, नाईट्रोजन ट्याबलेट १, तौल गर्ने डिजिटल तराजु थान १ सहित फेला पारेको थियो ।

उनीहरुले प्रयोग गरेको मे ८ प ९७०१ र को ३८ प ९०२८ नम्बरको मोटरसाईकल सहित पक्राउ गरिएको थियो । पक्राउ परेका उनीहरुको थप अनुसन्धान भईरहेको वडा प्रहरी कार्यालय भद्रपुरले जनाएको छ ।

# कार्तिक महिनाको सर्वोत्कृष्ट प्रहरीमा कार्की घोषित

बिराटनगर । ईलाका प्रहरी कार्यालय दमक झापा दरबन्दी भई सोही कार्यालयमा कार्यरत प्रहरी नायव उपरीक्षक नवराज कार्की कार्तिक महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित भएको छ ।

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गर्नुको हुनाल सम्मान गरिएको हो ।



प्रहारी नायब उपरिक्षक नवराज कार्की

साथै जिल्ला झापा, गौरादह नगरपालिका वडा नं. ५ वस्ने वर्ष ४६ को मबेसिर हुसेन मियाँ मिती २०७८ कार्तिक ११ गते देखी हराएको भनि परेको निवेदनका आधारमा खोज तलास गर्ने क्रममा कर्तब्य गरी मारी सोही नगरपालिका वडा नं.५ स्थित महमद सद्दामको घर देखि दक्षिणतर्फ बाहिर रहेको शौचालयको सेप्टी ट्यांङ्की भित्र कम्बलमा पोको पारी फालिएको अवस्थामा मिति २०७८ कार्तिक २६ गते मृतक लाश फेला पारीएको थियो ।

उक्त घटनामा संलग्न व्यक्तिहरुलाई पक्राउ गरी कानूनी कारवाहीको दायरामा ल्याउन सफल भई अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान तथा महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै आम नागरिकहरुमा सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेकोले कार्कीलाई सम्मान गरिएको थियो ।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ ।

सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका इलाका प्रहरी कार्यालय “क“ स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ ।

# तास र नगद सहित घर र होटलबाट १२ जना जुवाडे पक्राउ

झापा । झापाको दमक नगरपालिका वडा नं. २ को मोहन कुमार तामाङको घरबाट तास खेलिरहेको अबस्थामा तामाङ सहित ६ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा घर धनि मोहन कुमार तामाङ, सोही स्थानका ३८ बर्षीय पुर्ण प्रसाद शिवाकोटी, ३० बर्षीय बिनोद श्रेष्ठ, ३७ बर्षीय दिल बहादुर श्रेष्ठ, सोही स्थान ३ का ३४ बर्षीय सुरेन्द्र नेम्वाङ र कमल गाऊपालिका ६ का ४१ वर्षीय दुर्गा बहादुर राई रहेका छन् ।

आईतवार ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई ३ बुङ तास र नगद रु. १ लाख २० हजार ५ सय सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका छ जना उपर थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

त्यसैगरी झापा दमक नगरपालिका वडा नं. ४ स्थितमा रहेको रातो भाले सेकुवा कर्नर होटलबाट नगद सहित ६ जना जुवाडेहरुलाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा उर्लाबारी नगरपालिका ६ का ६६ बर्षीय विश्वराज पराजुली, झापा बुद्धशान्ती गाउँपालिका वडा नं. ३ का ४५ बर्षीय सोनी तामाङ, होटल संचालक दमक नगरपालिका वडा नं. ४ का ४७ बर्षीय शेर वहादुर कार्की, सोही स्थानका ५३ बर्षीय रेवत वुढाथोकी, ४६ बर्षीय चेत बहादुर कुँवर र दमक नगरपालिका वडा नं. ९ का ४६ बर्षीय रविन श्रेष्ठ रहेका छन् ।

बिशेष सुचनाको आधारमा शनिवार ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी राती टोलीले नगद २ लाख ५६ हजार ३ सय ५०, एक बुङ तास सहित उनिहरुलाई पक्राउ गरिएको हो ।

पक्राउ परेका उनीहरुको थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।







## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईर?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १

## पोलिथिनजन्य...

समयमा हाम्रो समाजमा दम र हृदयघातको कारणले मृत्यु हुनेको संख्या बढ्नुको केही हिस्सा पोलिथिनजन्य पदार्थ जलाउनुको कारण पनि हो ।

माटो, जमीन र पर्यावरणमा असर

यसरी जथाभावी पोलिथिनजन्य पदार्थको प्रयोग र विसर्जनले पछिल्लो दशकमा प्राणदायी माटो, रसमय भूमि र धर्तीको लागि राक्षसी रूपमा देखिरहेको छ । सामान्यतया पोलिथिनजन्य पदार्थ कुहिन औसत ५०० वर्ष लाग्दछ । यसले उर्वरशील माटोको गुणस्तरमा ह्रास ल्याउँछ ।

सिंचाइ तथा पानीको माध्यम र हावाको माध्यमबाट पनि पोलिथिनजन्य पदार्थ कृषि भूमिमा विसर्जन हुनेहुँदा उर्वरशील माटोलाई असर गर्दछ । बालीनाली, बिरुवा तथा वनस्पतिको जरामा पोलिथिनले असर गराउँदछ ।

कतिपय स्थानमा पोलिथिन जन्य पदार्थ विसर्जन भएको ठाउँमा जलाउने गरिन्छ । कैयौं हप्तासम्म आगो रहिरहने हुँदा जीवजन्तु, पक्षी र वनस्पतिलाई असर गर्दछ । त्यस्तै यसबाट डढेलो उत्पन्न भएर वन-जंगलमा आगलागी पनि बढ्दछ । वर्षेनि यसरी लगाइने आगोले लाखौं हेक्टर वन नष्ट भएको छ । यसले हजारौं जीवजन्तु र वनस्पतिको अस्तित्व सखाप पारिरहेको छ ।

पोलिथिनजन्य पदार्थ सँगै घरबाट निस्कने फोहोर, रङ्गरोगन जस्ता सामग्रीहरू जलाउनु वातावरणको लागि हानिकारक छ किनभने यी सामग्रीहरूले विषाक्त रसायनसँगै वायुलाई प्रदूषित गर्दछ । यस्तो प्रदूषित वायुलाई मानिस र जनावरले श्वास प्रश्वासको माध्यमबाट प्रत्यक्ष लिन्छन् र माटो र जमीनको सतह प्रदूषित वायु लामो समयसम्म रहन्छ यसले बोटबिरुवा, जमीन र पानीका स्रोतलाई दूषित समेत गराउँछ ।

पोलिथिनजन्य पदार्थ जलाउँदा धुवाँ र त्यसमा तरङ्गित स-साना अति हलुङ्गा कणहरू लामो दूरीको यात्रा गर्दछन् । खुला रूपमा पोलिथिनजन्य पदार्थ आगो लगाउने बानीले गर्दा घरमा गोठ तथा भवनहरूमा आगलागीको जोखिम पनि बढ्दछ । जसले गर्दा घर, गोठ, कारखाना तथा गोदाममा आगलागीबाट धनजनको क्षति हुन्छ ।

त्यस्तै रङ्गरोगन, ब्याट्रीको एसिड, फ्लेक्सहरू जमीनमा फाल्ने, मेडिकल तथा औषधि पसलबाट निस्किएका फोहोर तथा सिरिञ्ज जलाउने तथा जथाभावी फाल्ने, आन्दोलनमा सडकमा टायर बाल्ने, विभिन्न वैज्ञानिक प्रयोगशाला प्रयोग पश्चात रासायनिक वस्तुहरू जलाउने क्रियाकलापहरू पनि बढ्दै गएका छन् ।

यसरी जलाइएका र बाँकी रहेको अवशेषले माटो र जमीनलाई दूषित बनाउँछ । बाली र पशुपालन मार्फत हाम्रो खाद्य पदार्थसम्म प्रवेश गर्दछ । पोलिथिनजन्य पदार्थ वा जलाइएका अवशेषहरू जनावरले खाएपछि शरीरमा जम्मा भएर मासु र माछाको रूपमा पनि मानिसको शरीरसम्म पुग्दछ ।

त्यति मात्र हैन विभिन्न जीवजन्तुको वासस्थान नै जलेर लोपोन्मुख अवस्थामा पुगिसकेका छन् । यसको असरले वायुमण्डलमा प्रदूषण र जलवायु परिवर्तनमा नकारात्मक प्रभाव पार्दछ । साथै ओजन तहलाई असर गर्दै ग्रीन हाउस ग्याँसमा समेत क्षति पुऱ्याएको छ ।

यसरी दैनिक रूपमा आगो जलाउने बानीले मानिसले आगोलाई साधारण रूपमा ठान्दछन् । जताततै आगो लगाउने देखेपछि बालबालिकाले पनि सिको गर्दछन् । कतिपय ग्रामीण ठाउँहरूमा बालबालिका ले सलाई, लाइटर लिएर हिंडेको देखिन्छ । त्यसैले पोलिथिनजन्य पदार्थ खुला रूपमा जलाउने कार्य सामाजिक अपराध हो ।

न्यूनीकरणको उपाय

वातावरण तथा मानव स्वास्थ्यमा यसले पार्ने दीर्घकालीन असरको बारेमा सरोकारवाला व्यक्तिलाई ज्ञान भए तापनि यसको प्रयोगलाई हामीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रोत्साहन दिइरहेका छौं । यदि पोलिथिनजन्य पदार्थको प्रयोग यही अनुपातमा वृद्धि भए अबको केही वर्षमा हाम्रा शहरहरू पोलिथिनमय कुरूप हुनेछन् । किनकि यसरी विकराल रूपमा बढ्दै गएको पोलिथिनजन्य फोहोरको प्रयोगले ठूलो समस्या उत्पन्न हुने निश्चित नै छ ।

त्यो परिणामलाई व्यवस्थित गर्न ठूलो रकम र जनशक्तिको आवश्यकता पर्ने देखिन्छ । सर्वप्रथम हरेक घर, टोल, समाज, राजमार्ग, मैदान कतै पनि पोलिथिनजन्य पदार्थ जलाउने कार्य बन्द गर्नुपर्दछ । यसको न्यूनीकरण गर्ने प्रमुख उपाय भनेको जनचेतना नै हो ।

यदि पोलिथिनजन्य पदार्थको प्रयोग र जलाउँदा उत्पन्न हुने असरको बारेमा आम मानिसलाई प्रशिक्षित गर्न सकियो भने यसले दीर्घकालीन व्यवस्थापनमा सहयोग पुऱ्याउँदछ । विभिन्न स्थानीय निकायहरूले पोलिथिनजन्य पदार्थको उचित व्यवस्थापन र जलाउने कार्य बन्द गर्न जनचेतनामूलक अभियान गर्नुपर्दछ ।

विभिन्न भोजभतेर, पिकनिक स्थल, राजमार्ग, विभिन्न कार्यक्रममा मानिसहरूले छरपस्ट रूपमा पोलिथिनजन्य पदार्थ विसर्जन गर्ने र जलाउने कार्य पनि तुरुन्त रोक्नुपर्दछ ।

स्थानीय निकाय वा फोहोर व्यवस्थापन सम्बन्धी संघसंस्थाहरूको नियमित संकलन कार्यले पनि पोलिथिनजन्य पदार्थ जलाउने कार्य न्यूनीकरण हुन जान्छ । विद्यालयका पाठ्यक्रममा यस्ता खालका व्यावहारिक शिक्षामूलक विषयहरू समावेश गर्न सकिन्छ । यदि विद्यालयका साना नानीबाबुहरूलाई सचेत गराउन मात्र सकियो भने उनका अभिभावकहरूलाई पनि चेतना बढ्न प्रभावकारी हुन सक्दछ ।

पोलिथिनजन्य पदार्थको विकल्पको रूपमा वातावरणमैत्री सामग्रीको प्रयोगलाई बढावा दिने खालको कार्यक्रमले पनि पोलिथिनको व्यापकता घट्दै जानेछ र जलाउन पनि न्यूनीकरण हुनेछ ।

जोगाऔं माटो, जल, जमीन, जंगल ।

यही हो हाम्रो धन, नयाँ नेपालको संकल्प !!

(पर्यावरण संरक्षण अभियन्ता लेखक शून्य पोलिथिन अभियानमा पनि सक्रिय छन् ।) अनलाई खवरबाट